“तिमीहरू आफ्ना घरहरूलाई चिहान नबनाऊ र मेरो चिहानलाई उत्सव (मेला) स्थल नबनाऊ । मेरो लागि प्रार्थना (दरूद र सलाम) गर। तिमीहरू जहाँ भए पनि तिमीहरूको प्रार्थना (दरूद र सलाम) म सम्म पुग्नेछ ।”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : “तिमीहरू आफ्ना घरहरूलाई चिहान नबनाऊ र मेरो चिहानलाई उत्सव (मेला) स्थल नबनाऊ । मेरो लागि प्रार्थना (दरूद र सलाम) गर। तिमीहरू जहाँ भए पनि तिमीहरूको प्रार्थना (दरूद र सलाम) म सम्म पुग्नेछ ।”
[हसन] [अबू दाऊदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरहरू लाई नमाज विहीन बनाउन निषेध गर्नुभयो, नत्र ती घरहरू चिहानहरू जस्तै बन्नेछन्, जहाँ प्रार्थना गरिँदैन । त्यसैगरी, चिहानमा बारम्बार जान र त्यहाँ नियमित रूपमा भेला हुन निषेध गरिएको छ, किनकि यसले शिर्कको ढोका खोल्छ । उहाँले पृथ्वीको कुनै पनि भागबाट दरूद पठाउन आदेश दिनुभएको छ; किनकि उहाँमाथि पठाइएको दरूद नजिक र टाढा सबै ठाउँबाट समान रूपमा पुग्छ । त्यसैले बारम्बार उहाँको चिहान नजिक आउनु आवश्यक छैन ।

https://sunnah.global/hadeeth/ne/show/3350